नेपाल सरकार
# स्वास्थ्य बीमा बोर्ड
बबरमहल, काठमाडौं

फोन नं: ०१-४१००२२३
टोल फ्रि: १६६००१११२२४
बबरमहल, काठमाडौं

पत्र संख्या: ०८३/८४
च.नं ३६३

मिति: २०८३/०६/२७

श्री सेवा प्रदायक स्वास्थ्य संस्थाहरु (सबै) ।

**विषयः स्वास्थ्य बीमा सेवा प्रभावकारी बनाउने सम्बन्धमा।**

१. स्वास्थ्य बीमा ऐन, २०७४ को दफा ९ बमोजिम स्वास्थ्य बीमा बोर्डसँग सम्झौता गरी सेवा प्रदान गरिरहेका सेवा प्रदायक स्वास्थ्य संस्थाहरूले बीमितलाई रोगको लक्षण, अवस्था तथा चिकित्सकीय आवश्यकतासँग मेल नखाने अनावश्यक परीक्षण Vitamin D, Vitamin B12, TFT जस्ता गर्न लगाएको पाइएमा त्यस्ता परीक्षणको दाबी अस्वीकृत गरिनेछ।

२. स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध बीमित नागरिकलाई सेवा प्रदान गर्दा कोटा प्रणालीको व्यवस्था गरी सेवा प्रवाहमा अनावश्यक ढिलाइ गर्ने, भेदभावपूर्ण व्यवहार गर्ने तथा स्वास्थ्य सेवा प्राप्त गर्न असहज हुने अवस्था सिर्जना नगर्नु हुन सुचित गराइन्छ।

३. मिति २०८०/०८/२७ गते बसेको स्वास्थ्य बीमा बोर्डको बोर्ड बैठकबाट नियमित औषधी सेवन गरिरहेका स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध नागरिकहरुलाई औषधी ३/३ महिनाको लागि उपलब्ध गराउने व्यवस्था मिलाउनुहुन जानकारी गराइन्छ।

४. स्वास्थ्य बीमाको सुविधा थैलीमा समावेश भएका औषधि, औषधिजन्य सामग्री तथा सेवाहरू बीमितलाई नगदमा खरिद गर्न लगाउने कार्य नगर्नुहुन जानकारी गराइन्छ।

५. स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत पेश गरिने दाबीहरू सम्बन्धित सेवा प्रदायक स्वास्थ्य संस्थाको आन्तरिक दाबी पुनरावलोकन समिति (Insurance review committee) बाट अनिवार्य आवश्यक कागजात, उपचार विवरण, परीक्षणको औचित्य तथा प्रचलित सुविधा थैली बमोजिमको सेवा सुनिश्चित गरी रुजु तथा प्रमाणित गरेपछि मात्र स्वास्थ्य बीमा बोर्डमा दाबी पेश गर्ने व्यवस्था मिलाउनुहुन जानकारी गराइन्छ।

उल्लेखित कार्यहरू प्रचलित कानुन, नियम तथा स्वास्थ्य बीमा बोर्डसँग भएको सम्झौता विपरीत भएको पाइएमा स्वास्थ्य बीमा ऐन, २०७४ को दफा १२ तथा स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम १९ बमोजिम हुने व्यहोरा जानकारी गराइन्छ।

..............................
(प्रवक्ता)